**पटेर्वा सुगौली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पटेर्वा सुगौली, पर्सा**
**मधेश प्रदेश, नेपाल**

# करार मार्फत पदपुर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकशित मिति : २०८१/११/२५ गते)

यस पटेर्वा सुगौली गाउँपालिकाको मिति २०८१/११/२४ गतेको गाउँ कार्यापालिकाको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) बमोजिम यस पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय तथा स्वास्थ्य संस्थाहरु अन्तर्गत रिक्त रहेको तपसिलको पदमा करार सेवा मार्फत पदपुर्ति गरी कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र तल उल्लेखित कागजात र राजश्व बुझाएको रसिद संलग्न राखि यस कार्यालयमा दर्खास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | १/२०८१/०८२ | वन प्राविधिक | छैठौं तह | १ (एक) |
| २. | २/२०८१/०८२ | प्राविधिक सहायक | पाँचौ तह | १ (एक) |
| ३. | ३/२०८१/०८२ | नायब पशु सेवा प्राविधिक | चौथो तह | १ (एक) |
| ४. | ४/२०८१/०८२ | अ.हे.ब. | चौथो तह | १ (एक) |
| ५. | ५/२०८१/०८२ | अ.न.मी. | चौथो तह | १ (एक) |

**१. आवश्यक न्युनतम योग्यता :**

(क) **उमेर** मिति २०८१/११/२५ गते सम्म छेठौं तहको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको तथा अन्य तहको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,

(ख) **वन प्राविधिक** पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान विषयमा प्रमाणपत्र तह उतिर्ण गरी ३ वर्षको अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक तह उतिर्ण गरेको ।

(ग) **प्राविधिक सहायक** पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जनियरिङ्गमा प्रविणता प्रमाणपत्र वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण गरी कम्तीमा ३ महिने कम्प्यूटर सम्बन्धी आधारभूत तालिम लिएको ।

(घ) **नायब पशु सेवा प्राविधिक** पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु सम्बन्धी विषयमा जे.टि.ए कोर्ष उतिर्ण गरी तालिम प्राप्त भएको ।

(ङ) **अ.हे.व.**पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब विषय उतिर्ण गरी स्वास्थ्य व्यवासायिक परिषद्मा दर्ता भएको ।

(च) **अ.न.मी.** पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. विषय उतिर्ण गरी नेपाल स्वास्थ्य नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।

२. **दरखास्त बुझाउने स्थान :** पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय, पटेर्वा सुगौली, पर्सा ।

३. **दरखास्त दस्तुर बुझाउने स्थान :** यस कार्यालयको सानिमा बैंक लि., पटेर्वा सुगौली शाखा, पर्सामा रहेको आन्तरिक राजश्व खाता नं ०६४०१००४००००००८ मा रकम जम्मा गरिएको भौचर वा कार्यालयको राजस्व शाखामा रकम बुझाएको भौचर पेश गर्नु पर्नेछ ।

४. **दरखास्त बुझाउने अन्तिम मिति :** २०८१/१२/१० गते सम्म ।

५. **आवेदन दस्तुर :** छेठौ तहको लागि रु.१०००/-, पाँचौ तथा चौथौ तहको लागि रु. ५००/- मात्र ।

६. **सेवा तथा सुविधाहरु :** गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **करार अवधि :** वि.स. २०८२ असार मसान्त सम्म हुनेछ । पछी कार्यसम्पादनको आधारमा म्याद थप हुन सक्नेछ ।

८. **छनौट प्रकृया :** प्राविधिक सहायकको हकमा प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्कम परीक्षा र बाँकी पदको हकमा संक्षिप्त सुचि प्रकाशन र अन्तर्वार्ता मात्र ।

९. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** हाल सालै खिचेको उम्मेदवारको दुई प्रति पासपोर्ट साईज फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, कार्य अनुभव भएमा सोको प्रमाणित प्रतिलिपि ।

१०. **थप जानकारीको लागि :** पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय,पटेर्वा सुगौली, पर्सा ।

**प्रमुख प्रशासकीय अधिकृत**